बैठक नं. १०८

आज मिति २०८२ जेठ महिनाको २७ गते नेपाल सम्वत ११४५ तछलागा चतुर्दशी मंगलबारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | (signature) |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | (signature) |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | (signature) |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | (signature) |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | (signature) |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | (signature) |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | (signature) |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | (signature) |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङ्टार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङ्टार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङ्टार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङ्टार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङ्टार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङ्टार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र डाँगे | योजना | | |
| २ | रामजनम चौधरी | योजना | | |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : १००

मितिः २०८२/०२/२७

ने.स ११४५ तछलागा चतुर्दशी मंगलबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. समिक्षा।

२. घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को संसोधन सम्वन्धमा।

३. नगरसभाको मिति तय गर्ने तथा श्रोत तथा सिमा निर्धारण समितिको मार्गदर्शन सम्वन्धमा।

४. कर्मचारी प्रोप्साहन र पुरस्कार सम्वन्धी मापदण्ड-२०८२ स्वीकृत सम्वन्धमा।

५. विविध।

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय : कार्यविधि संशोधन गर्ने सम्वन्धमा ।**

१. **विषयको संक्षिप्त व्यहोरा :** 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ र ४ मा भएको व्यवस्थालाई संशोधन गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :** कार्यालयको प्रशासनिक प्रकृतिको कार्य भएकोले प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत कर्मचारीबाट टुङ्ग्याउन उपयुक्त हुने भएको ।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :** घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ र ४ मा भएको व्यवस्थालाई संशोधन गर्नु पर्ने भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि संशोधनको लागि यो प्रस्ताव पेश गरिएको छ ।

४. **निर्णय हुनु पर्ने व्यहोरा :** घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ र ४ लाई निम्न बमोजिम संशोधन गर्ने ।

**निम्न :**

| सि.नं | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप व्यवस्था | संशोधन तथा थप गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा २ को उपदफा ३ | दफा २ को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयको लागि कार्यपालिको बैठकमा पेश गर्नु पर्नेछ । | उपदफा (२) बमोजिम समितिले योग्यता पुगे नपुगेको जाँचबुझ गरि सिफारिस सहित इजाजतपत्र प्रदान गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । | कार्यालयको प्रशासनिक प्रकृतिको कार्य भएकोले प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत कर्मचारीबाट टुङ्ग्याउन उपयुक्त हुने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| २. | उपदफा ४ | उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची -२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । | उपदफा (३) बमोजिम पेश भएको सिफारिसको आधारमा न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी/फर्म/कम्पनीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची -२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । | |

२०८१।२२

कमानसिं थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

# प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०२-२७ गतेको नगर कार्यपालिकाको १०० औ बैठकमा घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ संशोधन सम्बन्धमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८२।२।२८

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०२-२८

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषय :- "कर्मचारी प्रोत्साहन र पुरस्कार सम्बन्धी मापदण्ड २०८२" स्वीकृत सम्बन्धमा ।

कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति :- २०८२/०२/२५ गते

**१. संक्षिप्त व्यहोरा :**

पालुङटार नगरपालिकाबाट प्रदान गरिने सेवालाई नियम, कानूनको परिधि भित्र रही सेवाग्राही मैत्री, समायनुकुल प्रविधि मैत्री बनाई कार्यालयको कार्यसम्पादनमा उत्कृष्टता प्रदान गर्न कर्मचारीहरुलाई दक्ष तथा इमान्दार तथा अनुशासित हुन प्रेरित गर्नुका साथै सार्वजनिक सेवा लाई प्रभावकारी बनाउने दक्ष, इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने ब्यवस्था गर्नका लागि उक्त मापदण्ड स्वीकृत गर्न आवश्यक देखिन्छ ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :**

यस नगरपालिका अन्तरगत कार्यरत नगरपालिका कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत सबै कर्मचारीहरु (स्थायी/करार) मध्येबाट कर्मचारी पुरस्कार सिफारिस समितिबाट सिफारिस भएका कर्मचारीलाई प्रोत्साहन र पुरस्कृत गर्ने मापदण्ड तयार गर्न उपयुक्त देखिएकोले पालुङटार नगरपालिकाले प्रोत्साहन र पुरस्कृत गर्ने मापदण्ड बनाएको छ

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको सिफारिस :**

पालुङटार नगरपालिकाबाट प्रदान गरिने सेवालाई नियम, कानूनको परिधि भित्र रही सेवाग्राही मैत्री, समायनुकुल प्रविधि मैत्री बनाई कार्यालयको कार्यसम्पादनमा उत्कृष्टता प्रदान गर्न कर्मचारीहरुलाई दक्ष तथा इमान्दार तथा अनुशासित हुन प्रेरित गर्नुका साथै सार्वजनिक सेवा लाई प्रभावकारी बनाउन उपयोगी देखिएको छ ।

**४. निर्णय हुनुपर्ने ब्यहोरा :**

"कर्मचारी प्रोत्साहन र पुरस्कृत गर्ने सम्बन्धी मापदण्ड २०८२" कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने ।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०२-२७ गतेको नगर कार्यापलिकाको १०० औ बैठकमा कर्मचारी प्रोप्साहन र पुरस्कार सम्वन्धी मापदण्ड-२०८२ सम्बन्धमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०२-२८

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय : बजेट तर्जुमा मार्गदर्शन तथा नगरसभाको मिति तय गर्ने सम्वन्धमा ।**

**कार्यपालिका बैठकमा पेश गर्न स्वीकृत मिति: २०८२-०२-२५**

१. **विषयको संक्षिप्त व्यहोरा :** नगर प्रमुखको अध्यक्षतामा रहेको स्रोत अनुमान तथा सिमा निर्धारण समितिले निर्धारण गरेको आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रम तर्जुमा मार्गदर्शन बमोजिम सम्पूर्ण विषयगत शाखा तथा वडा कार्यालयहरुले योजना छनोट गर्दा अनुसरण गर्नु पर्ने भएकोले ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :** स्थानीय सरकार सञ्चालन ऐन-२०७४ दफा ६६ बमोजिम स्रोत अनुमान तथा सिमा निर्धारण गर्नका लागि नगर प्रमुख ज्यूको संयोजकत्वमा समिति रहने व्यवस्था गरेको, सो समितिले आगमी आर्थिक वर्षका लागि स्रोतको अनुमान र मार्गदर्शन निर्माण गर्ने र सोही बमोजिम बिषयगत समितिले योजना तर्जुमा गर्ने प्रावधान रहेकोले मिति २०८२-०१-०८ गतेको स्रोत अनुमान तथा सिमा निर्धारण समितिको बैठकबाट निर्णय अनुमोदन गर्न ।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :** आर्थिक वर्ष २०८२-०८३ को योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्यका लागि स्रोत अनुमान तथा सिमा निर्धारण समितिको निर्णय बमोजिम कार्य हुन मनासिव देखिएको र उक्त समितिको निर्णय कार्यपालिकाबाट समेत अनुमोदन गरि बजेट तर्जुमा कार्यलाई थप व्यवस्थित र व्यवहारिक बनाउन सक्ने देखिएकोले यो प्रस्ताव पेश गरिएको छ ।

४. **निर्णय हुनु पर्ने व्यहोरा :** स्रोत अनुमान तथा सिमा निर्धारण समितिको बजेट तर्जुमाका लागि भएको मार्गदर्शन अनुमोदन गर्ने र सोको कार्यान्वयन गर्ने साथै यस पालुङटार नगरपालिका, नगरसभाको १७ औं अधिवेशन मिति २०८२ असार ०३ गतेबाट शुरु गर्न नगर प्रमुखलाई सिफारिस गर्ने ।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०२-२७ गतेको नगर कार्यापलिकाको १०० औं बैठकमा वजेट तर्जुमा मार्गदर्शन तथा नगरसभाको मिति तय गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०२-२८